# पराज्ञान सिद्धान्त र नेपाली साहित्य

● रेमिका थापा*

**सार :** आदिम मानिसले सर्वप्रथम प्रकृतिसँग जुझेर, लडेर र प्रतिद्वन्द्विता गरेर जीवन जिउने प्रणाली बनाएको थियो तर कालान्तरमा सङ्घर्ष मात्र पर्याप्त भएन। यसकारण मानिसले प्रकृति शक्तिलाई आराध्य मान्दै पूजा, आराधना र समर्पण आदि गर्ने सम्झौतावादी शैली अँगाल्यो किनभने प्रकृतिका क्षोभबाट बाँच्नु र प्रकृतिको अद्भुत शक्ति प्राप्त गरेर सांसारिक जीवनलाई सहजसाध्य बनाउनु मान्छेको एक मात्र आदिम कामना थियो। यसरी मानव सभ्यताका इतिहासमा अलौकिक आस्था र अभ्यासको गतिविधि सुरु भएको अनि यही नै मनुष्य जीवनको आदिदर्शन र आदिविज्ञान अनि जीवन जिउने एक मात्र प्रणाली भएको देखिन्छ। भौतिक विज्ञानले मानिसका जीवनमा विराट् क्रान्ति ल्याए तापनि अलौकिक आस्था र अभ्यास रहस्यमय दर्शनका रूपमा आधुनिक युगसम्म निरन्तर अस्तित्ववान छ। मानिसको आदि–अनादि सत्व अथवा टेक्ने भुइँसँग सम्बन्धित भएको हुनाले पराभौतिक आस्था र अभ्यासको प्रासङ्गिकता आधुनिक समयमा पनि जियालो छ। मानिसले आफ्नो जन्मसँग जीवन र मृत्युको रहस्य पनि साथै लिएर आएको छ। ब्रह्माण्डको रचना र संसारको सृष्टि आख्यानहरूमा गरिएका रहस्यात्मक व्याख्याहरूसँग मानिस आधारभूत रूपले सङ्लग्न छ। संसारको अस्तित्व र संसारेतर रहस्य–ज्ञानप्रति मानिसको अभिरुचि अटुट छ। मानिस आफूभित्रको सूक्ष्मतालाई चिन्ने र आफूभन्दा माथि अथवा परको असीम, अनन्त र अदृश्य ज्ञानप्रति गम्भीर आग्रह राख्ने प्राणी भएकाले अनेक कौतूहल र जिज्ञासाहरूले भरिएका गतिविधिहरू संसारमा कार्यशील छन्। यस्ता रहस्यात्मक अनुशासन र कार्यविधिलाई अध्ययन गर्ने औपचारिक आधारबारे अध्ययनको प्रासङ्गिकता विवेचनीय विषय बनेको

* सहायक प्राध्यापक, नेपाली विभाग, परिमल मित्र स्मृति महाविद्यालय, मालबजार, पश्चिम बङ्गाल

पाइन्छ।

**बीज शब्द – पराज्ञान, अकल्ट, भौतिक, अभौतिक, इतिहास**

**१. विषय प्रवेश**

पराज्ञान शब्दले अलौकिकज्ञान, पराभौतिकज्ञान, रहस्यज्ञान, गुह्यज्ञान, गुप्तज्ञान आदिलाई इङ्गित गर्छ। अङ्ग्रेजी भाषामा यस विषयलाई बुझाउन 'अकल्ट' (Occult) शब्दको प्रयोग गरिएको छ। यो शब्द ल्याटिन भाषाको 'अकल्टस' शब्दको अङ्ग्रेजी रूपान्तरण हो जसको अर्थ रहस्य, अतिभौतिक, गूढ, गुह्य, गहन, दुर्जेय, गोपनीय, अलौकिक, चटके, अनि सामान्य ज्ञानभन्दा माथिको ज्ञान भनिएको छ।[१] सामान्य भाषामा पराज्ञान भन्नाले असाधारण, रहस्यज्ञान अथवा विशिष्ट तत्त्वज्ञान हो जुन भौतिक विज्ञान र आधुनिक युक्तिदेखि टाढा छ।

**२. पराज्ञान सिद्धान्त**

पराज्ञान सिद्धान्त भन्नाले गूढज्ञान, रहस्यज्ञान र पराभौतिक तत्त्वहरूको अध्ययन गर्ने विशिष्ट शास्त्र हो। अङ्ग्रेजी भाषामा यसका निम्ति 'अकल्टिज्म' शब्द प्रयोग गरिएको छ। पराज्ञान सिद्धान्त अथवा अकल्टिज्म सबै प्रकारका परा अथवा अकल्ट तत्त्व र पराअभ्यासहरूको अध्ययन हो। रोडल्फ स्टेनरले पराज्ञान सिद्धान्तलाई मानव जाति र ब्रह्माण्डका विकाससँग सरोकार राख्ने र अतिभौतिक ज्ञानप्रति विशेष अभिरूचि राख्ने अनुशासन हो भनेका छन्।[२] वास्तवमा यो सबै अतिभौतिक शक्तिहरूको असाधारण स्वरूप र प्रणालीलाई अध्ययन गर्ने विशिष्ट विज्ञान हो। मानिसका जीवनमा अभिन्न रूपमा सङ्लग्न तर मानिसको सामान्य ज्ञानचक्षुदेखि अभेद्य, अप्राप्य र अदृश्य गूढतत्त्वहरूको संरचनात्मक व्यवस्था र प्रणालीलाई विवेचन गर्ने रचनात्मक अनुशासन नै पराज्ञान सिद्धान्त हो। यसले परातत्त्वहरूको असामान्य अवस्थान र असाधारण गतिविधिलाई अध्ययन गर्ने विशिष्ट आधार बनाउँछ। इतिहास सर्वेक्षण, समाज र संस्कृति संरचनाको विवेचन पनि यस अध्ययनका उपादान हुन्। संसारमा आजसम्म भएका आस्था, अध्यात्म, दैवीतत्त्व, जादु, ज्योतिष, भूत प्रेत, असुरीतत्त्व, तन्त्र–मन्त्र, माया, मोहनीतन्त्र, ओझा, बिजुवा, धामी–झाँक्री, छौँडा बोक्सी, लोक संस्कार, आचार विचार र अभिचार इत्यादि तत्त्वहरू सबै पराज्ञान सिद्धान्तका अध्ययन क्षेत्र हुन्। गुडरिक क्लार्कका भनाइअनुसार पराज्ञान सिद्धान्त आधुनिक प्रकृति विज्ञान र धार्मिक पद्धतिद्वारा मान्छेलाई ब्रह्माण्डको केन्द्रीय शक्तिका रूपमा

१. नगेन्द्रमणि आचार्य दीक्षित, वि सं २०६१, **अङ्ग्रेजी नेपाली शब्दकोश**, काठमाडौँ, साझा प्रकाशन

२. https//en.**wikipedia.org./wiki/occult**, 6.2.2018

स्थापित गर्नका निम्ति गरिने शक्तिशाली आकाङ्क्षा र खोज हो।[३] थियोसफिकल सोसाइटीका संस्थापक हेलेन व्ल्यावेस्कीले यसलाई प्राकृतिक गोपनीयताको विज्ञान भनेका छन्।[४] पराज्ञान सिद्धान्तमा मानिससँग सम्बन्धित यी रहस्यमय प्रकृति तत्त्व र अद्भुत संसाधनहरूका संरक्षणको अभिवृत्ति सहज रूपमा रहेको हुन्छ। संसारका कैयौँ जाति समुदायसँग भएका अद्वितीय लोक सम्पदा यस परातत्त्व शास्त्रसँग सहज रूपमा सम्बन्धित छ। यसकारण पराज्ञान सिद्धान्तले इतिहास, समाज र संस्कृति अध्ययनको दिशा पनि प्रशस्त गर्छ भन्न सकिन्छ ।

'द मिस्टिक टेस्ट बुक अव् हिन्दु अकल्ट च्याम्बर' पुस्तकका लेखक एल डब्ल्यु लरेन्सले भने अनुसार पराज्ञान सिद्धान्त आफ्नै अन्त:करणको दर्शन हो। उनका विचारअनुसार मानिस आधुनिक विज्ञानको सीमित घेराभित्र बन्दी भएका हुनाले उसले कहिले पनि आफ्नो अन्त:करण र अन्तर्रात्माको विकास गर्न सकेन तर प्रत्येक मानिसमा प्रकृतिको अलौकिक शक्तिलाई बुझ्न सक्ने क्षमता हुन्छ। यस्ता सूक्ष्मतम भौतिकतालाई बुझ्नका निम्ति मानिसले पहिले आफ्नै मानसिक क्षमतालाई चिन्न सक्नुपर्छ भन्ने उनको भनाइ पाइन्छ।[५] प्रसिद्ध लेखक कलिन विलसनले भने आफ्नो 'द अकल्ट हिस्ट्री' पुस्तकमा मानिसभित्र प्रकृतिस्थ शक्तिको चर्चा गर्दै कुनै समय मानिसको छैटौँ इन्द्रिय जाग्न सक्ने कुरामा विश्वास व्यक्त गरेका छन्।[६] जनकलाल शर्माले उल्लेख गरेका धर्मको उत्पत्तिका केही कारणहरूमध्ये पराभौतिक तत्त्वमाथि विश्वास, भय, जीववाद (आत्मामाथि विश्वास), जीवित सत्तावाद (सृष्टिको चेतन सत्तामा विश्वास राख्नु), लोकविश्वास, संस्कार, अभिचार (परालौकिक शक्तिलाई वशमा राख्ने कोसिसमा गरिने उपाय) आदि हुन्।[७] यहाँ यिनलाई धर्म उत्पत्तिका कारण भनिएको भए तापनि यी सबै किसिमका परातत्त्व, पराज्ञान, परबोधप्रति मानव आग्रहको सामाजिक र मनोवैज्ञानिक प्रक्रिया हुन्। संसारमा असङ्ख्य मानिसले आफ्नो लोकधर्म र पछिबाट ओडेको धर्म एकैसाथ अभ्यास गर्दै आएको छ। त्यस्तै धर्मभित्र सत् र असत्, देव र दानवजस्ता धारणालाई आस्थाको एउटै धागामा उनेर साधिल्याएको छ। परलोक प्राप्ति र इहलौकिक सुख मानिसका निम्ति दुवै एकसमान काम्य छन्। भौतिक विश्वास स्थूल भएकाले मानिस भौतिक कर्मकाण्डप्रति बेसी आग्रही हुँदा अभिचारहरूको उत्पत्ति हुन्छन् भने अभिचारहरू लोक अभीप्सा र आकाङ्क्षाका पारलौकिक समर्पण बन्छन्।

---

३. https//en.**wikipedia.org./wiki/occult**, 6.2.2018

४. पूर्ववत्

५. L.W. De Lawrence, 1909, **The mystic Test book of Hindu Occult Chambers**, New York, Cosimo Classic, पृ २

६. Collin Wilson, 1971, **The Occult A History**, US, Random House, पृ ०७

७. जनकलाल शर्मा, वि सं २०३९, **हाम्रो समाज र संस्कृति**, काठमाडौँ, साझा प्रकाशन, पृ ११६

**पराज्ञान सिद्धान्त – इतिहास र अवधारणा**

ब्रह्माण्डका रचना र संसारका सृष्टि कथाहरूबारे अनेक पराभौतिक र रहस्यमय व्याख्याहरू पाइन्छन्। पूर्वीय वैदिक तथा आध्यात्मिक शास्त्रहरूमा भएका सृष्टिवर्णन, मनुष्यको उत्पत्ति, सफल सांसारिक जीवन यापनका धार्मिक आचार संहिताहरूले परा तत्त्वहरूको अस्तित्व बोध गराउँछ। पूर्वीय लौकिक दर्शनमा भएका लिम्बु मुन्धुम, राई मुन्धुम, बोनधर्म आदिका व्याख्याहरूले पनि परातत्त्व मीमांसालाई प्रेरित गर्छ। संसारका विभिन्न लोकवार्तामा भएका परातत्त्वको स्वरूप मनुष्य संस्कृतिका आदि धरोहर मानिएका छन्। इसाई पन्थअघि अस्तित्वमा रहेका लौकिक दर्शनहरू जस्तै माया सभ्यता, पेगन, कबालाह, हरमिटिज्म आदिले प्रशस्त गरेका ज्ञान सम्पदामा परातत्त्वको सोझो प्रतिष्ठा पाइन्छ। यस आधारमा परातत्त्वको अस्तित्व सृष्टिसम्मत भएको बुझिन्छ र कालान्तरमा मानिसले यसलाई जीवनका आधार, सार, व्यवस्था र शैलीका रूपमा स्वाभाविक प्रकारले ग्रहण गरेको कुरो स्पष्ट हुन्छ। श्रीमद्भागवत् महापुराणमा गरिएको व्याख्याअनुसार अद्भुत, अगम, रहस्यमय महाशक्तिको कृत्यद्वारा पृथ्वीको उत्पत्ति सम्भव भयो।[८] ब्रह्माको विराटकाय समान दुई भागमा विभक्त भएर नर र नारीको रचना भयो। यस अलौकिक प्रक्रियाद्वारा उत्पत्ति भएका नर–नारीले संसारमा लौकिक जीवन यापन र सृष्टि परिचालना गर्ने दायित्व प्राप्त गरे र तिनीहरूलाई जीवन परिचालनको वैदिक आचार संहिता पनि प्रशस्त गरियो। यसअनुसार मानिसले जीवनमा गर्नु पर्ने पाँचवटा अनिवार्य यज्ञहरू हुन् – ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, भूतयज्ञ, र मनुष्ययज्ञ।[९] यी पाँचवटा यज्ञहरू सम्पन्न गरेर नै मानिसले जीवनको मूल अभीष्ट धर्म, अर्थ, काम, मोक्ष प्राप्त गर्न सक्छन्।[१०] यसप्रकार मानिसको लौकिक जीवन अलौकिक सत्ताप्रति समर्पित छ अथवा मानिसको भौतिक जीवन पराभौतिक शक्तिको सन्धानद्वारा नै प्रतिष्ठित हुन सक्छ भन्ने वैदिक नीति छ। मानव जीवनको अन्तिम र श्रेष्ठ अभीष्ट मोक्ष प्राप्ति भनिएको हुनाले एउटा लौकिक जीव पारलौकिक सत्तामा एकाकार हुने प्रकिया र अभ्यास स्वयम् रहस्यमय छ। पूर्वीय दर्शनको प्राचीन ग्रन्थ वेदमा प्रकृति पूजाका अनन्यतम ऋचाहरू पाइन्छन्[११] ऋग्वेदमा इन्द्र, अग्नि, धरती, वायु, सूर्य, अश्विनीकुमार आदिको भव्य आह्वान गर्दै सोमरसको हवि अर्पण गरिएको छ। यज्ञ गर्दा याजकले पद, प्रतिष्ठा, मान, सम्मान, धन, सम्पत्ति, ऐश्वर्य, बल, बुद्धि, विद्या, मेधा भक्ति, साधना आदिको कामना गरेको छ। सफल गर्भाधान, सफल वीर्यदान, सफल यौन सहवास, सन्तान सुख, सुरक्षा, रोगनाश, शत्रुदमन, भूत–पिशाच र असुर दमन, पापमोचन आदिका निम्ति प्रार्थना गरिएको छ। यसरी प्रकृतिस्थ

८. वेदव्यास, १९९५, **श्रीमद्भभागवत् महापुराण**, गोरखपुर, गीताप्रेस, पृ २२४

९. धर्मार्थकाममोक्षाणं यस्यैकोपि नविद्यते। जन्मजन्मनि मर्त्येषु मरण तस्य केवलम्। नीति, ३–२० पृ ३५३

१०. शिवराज आचार्य, २००७, **मनुस्मृति** (टीका), वाराणसी, चौखम्बा सुरभारती प्रकाशन, पृ ५८

११. तिलकप्रसाद लुइँटेल, वि सं २०६०, **ऋग्वेद** (अनु), काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार

पञ्चमहाभूतहरूको अर्चना गर्दै मानिसका शरीर पञ्चमहाभूतमा नै विलीन हुने दर्शन बताइएको छ। मानिस सत् र असत् दुवै कुराको याचक छ, लोक सीमित छ अनि प्रकृतिस्थ शक्तिहरूबाट प्राप्त हुनसक्ने पुष्टि र तुष्टिबिना जीवनको साध्य र साधन दुवै अधुरो छ यसकारण मानिस आफ्नो आधारभूत सत्त्वप्रति जिज्ञासु र आर्कषित भइरहन्छ। पराज्ञान सिद्धान्तको इतिहास मानिसको आफ्नै आधारभूत जिज्ञासा र आकर्षणले विकसित गरेको छ। हिन्दुवादभित्र पनि विविध पन्थहरू आ–आफ्ना धारणा र अभ्यासले विशिष्ट बनेका छन् तीमध्ये शैववाद, नाथ सम्प्रदाय, शक्तिवाद आदि पराज्ञान आस्था र अभ्यासका क्षेत्रमा मुख्य छन् ।

**शैववाद –** हिन्दुवादमा एउटा महत्त्वपूर्ण पन्थ हो शैववाद। शिवलाई रुद्र, भैरव, वीरभद्र, संहारक, विनाशक, महाकालरूपी महादेव मानिन्छ। शिव योग र वैराग्यका महागुरु हुन्। शिवलाई भूत, पिशाच, मसान र प्रेतगणका अधिपति अनि धामी, झाँक्री, बिजुवा, फेदाङमा आदिका इष्टदेव मानिन्छ। शैववादमा समर्पित साधकहरूलाई शैव भनिन्छ, ती दुई थरीका हुन्छन्– पहिलो, ब्रह्मचारी (नागा, अघोरी) साधु, अनि दोस्रो गृहस्थ साधु। गृहस्थ साधुहरू सामान्य सामाजिक जीवन जिउँछन् भने ब्रह्मचारी शैवहरू असाधारण शैलीका तपस्वीहरू हुन्छन्। उनीहरू साधारणतः नाङ्गा अथवा बाघाम्बर लङ्गौटी भिरेका, खरानी घसेका, धुनी जगाएर बस्ने त्रिपुण्डकधारी र जटाधारी योगी हुन्छन्। तन्त्र–मन्त्र, भूत–पिशाच, देव–देवी, नाग–नगिनी, सिमे–भूमे इत्यादि योग साधनामा लीन ती साधुहरू एकान्तवासी हुन्छन् र प्रत्येक कुम्भका मेलामा महासमावेश गर्छन्। भारतीय तान्त्रिक योग साधनाको विस्तार शैवहरूमा भएको पाइन्छ।

**नाथ सम्प्रदाय–** नाथ सम्प्रदायका साधकहरूले पनि शिवलाई नै आफ्नो आदिगुरु अथवा आदिनाथ मान्छन्। मस्त्येन्द्रनाथ र गोरखनाथ यस सम्प्रदायका प्रसिद्ध गुरुहरू हुन्। योग साधना र तपस्यामा लीन भएर पराज्ञानमुखी रहने परम्परा नाथ सम्प्रदायको छ। नेपाली समाजमा गुरु गोरखनाथको उल्लेख विविध प्रसङ्गमा गरिन्छ। उनकै आशीर्वाद पाएर पृथ्वीनारायण शाहले नेपाल एकीकरणको अभियानमा सफलता पाएका थिए भन्ने कुरा जनकलाल शर्माले आफ्नो पुस्तकमा लेखेका छन्।[१२]

**शक्तिवाद –** यसलाई दैवी मातृशक्ति पनि भनिन्छ। यो हिन्दु तन्त्रवादको एउटा महत्त्वपूर्ण शाखा हो। दुर्गा, काली, अम्बा, सरस्वती, लक्ष्मी, पार्वती र त्रिपुरासुन्दरी यी सात देवीहरूको संयुक्त शक्तिमाथिको विश्वासलाई शक्तिवाद भनिन्छ अनि यस मातृशक्तिका साधकहरूलाई शक्तिवादी भनिन्छ। वास्तवमा शक्तिवाद शैववादको एउटा अंश हो। यसले शिवलाई सत्य र देवीलाई शक्ति मान्छ। शक्तिवादमा देवीको भद्रकाली र रुद्रकाली स्वरूपलाई महाशक्तिको स्रोत मानिएको र देवीशक्तिको

१२. जनकलाल शर्मा, वि सं २०३९, **हाम्रो समाज र संस्कृति**, काठमाडौँ, साझा प्रकाशन, पृ १२४

उद्रेकद्वारा नै शिवशक्तिको उद्रेक हुनसक्ने आस्था राखिएको छ। योग, भोग(बलि) र तन्त्रमन्त्र साधनाको प्रबल अभ्यासमा शक्तिवादीहरू समर्पित हुन्छन्। भारतमा भएका सबै शक्तिपीठहरूमा यस्ता तान्त्रिक योग सम्पन्न भएको पाइन्छ। यस विश्वासमा बलि तथा पशुबलिको व्यापक प्रयोग पनि गरिएको पाइन्छ।

**एनिमिज्म –** संस्थित धर्म सम्प्रदायदेखि बाहिर लोक दृष्टि र दर्शन भएका, बहुईश्वरमाथि आस्था राख्ने, प्रकृतिपूजकहरूको विश्वासलाई एनिमिज्म अनि यसका अनुयायीहरूलाई एनिमिस्ट भनिन्छ। भारतका केही जनजाति आदिवासीहरूले पुजेर ल्याएको लोकधर्म अथवा जनजातिहरूको लोक संस्कृतिमा भएको आध्यात्मिक अनि पराभौतिक आस्थाहरूको व्यवस्थालाई पनि एनिमिज्म भन्न सकिन्छ। वास्तवमा यो एउटा मानवशास्त्रीय नाम हो । भारतमा आदिवासी र जनजाति धर्मको अद्वितीय सौन्दर्य छ। हिन्दुवाद, बौद्धवाद र इसाईवादले भारतीय आदिवासी र जनजाति समाज प्रभावित भए तापनि तिनीहरूको लोक भाषा, साहित्य, संस्कार संस्कृति र परम्परा भारतीय समाजका आदि धरोहर रूपमा प्रतिष्ठित छन् अनि यी आदि धरोहरहरू परातत्त्व मिसांसाका क्षेत्र विशेष हुन्। जस्तै **सारी धर्म** – झारखण्ड, उडिस्सा, बिहार, आसाम आदि अञ्चलका सन्थालहरूको लोक धर्म हो। मरङ बुरु अथवा बोङ्गा यस धर्मले पुज्ने सर्वोच्च देवता हो। यो प्रकृतिपूजक धर्म हो जसले स्थानीय जीववैज्ञानिक व्यवस्थासँग सामञ्जस्य राख्छ। पितृपूजा, आत्मापूजा, धरती पूजा, जादु–टुना अनि लोक पुरोहितद्वारा उपचार प्रणालीको प्रयोग पनि यस धर्ममा गरिन्छ। आदिवासीहरू प्रकृतिको नजिक बस्ने जाति भएकाले 'डेन्जी–पोलो' (घाम–तारा) नामक लोकधर्मको अस्तित्व पनि पाइन्छ।

**सानामाहिज्म –** आदिवासी जनजातिहरूको एउटा लोक धर्म हो । यस आस्थाले निरन्तर रूपमा सृष्टिको कारक भएर उपस्थित रहेको प्राकृतिक शक्तिको पूजा गर्छ। साडवा मापूलाई यस धर्मका सृष्टिकर्ता देवता मानिन्छ। आत्मापूजा, पशुबलि, झाँक्रीप्रथा यस धर्ममा पाइन्छन्। आसाम, त्रिपुरा निलगिरी हिल्स, निकोबर द्वीप अनि मनिपुरका मेइतेई, काबुई, लेलियाङग्रोन आदि जातिमा यस धर्मको प्रसार पाइन्छ।

**बथोनिज्म –** बोडो अथवा कचारी जनजातिका मानिसहरूले मान्ने लोकधर्म बथोनिज्म हो। बोडो भाषामा बथो भन्नाले हावा, आगो, पृथ्वी, पानी र आकासको समुच्चय अथवा समग्रमा पञ्चमहाभूत बुझिन्छ। अथवा पञ्चमहाभूतको पूजा र आस्थालाई बथोनिज्म भनिन्छ। बथोब्रइ र मैनाउ यस धर्मका आदि ईश्वर हुन् जसलाई निराकार मानिएको छ। यसमा पनि झाँक्री प्रणाली छ अनि नर झाँक्रीलाई डौरी र नारी झाँक्रीलाई डौदिनी भनिन्छ।

**युमा धर्म –** किराती लिम्बु मुन्धुम गूढ तत्त्व विमर्शको महत्वपूर्ण शास्त्र हो अनि लिम्बू किराती संस्कृतिको आधारग्रन्थ पनि हो। मुन्धुम श्रुतिशास्त्रका रूपमा फेदाङमा आदिले साधेर ल्याएको परम्परा थियो तर अहिले विभिन्न भागमा विभाजित भएको लिखित ठेली पुस्तकाकार रूपमा प्राप्त छ। सृष्टि वर्णन,

परमेश्वर, देवी–देवता, भूत–प्रेत, फेदाङमा, युमा, येवा, येमा इत्यादि गूढ विषयहरूको मुन्धुमी विधानको गहिरो चिन्तन र अभ्यास प्रक्रिया पनि यिनमा पाइन्छन्। मुन्धुमको व्याख्याअनुसार लिम्बू किराती धर्मलाई युमा धर्म भनिन्छ। यो एउटा प्रकृतिपुजक धर्म हो। यस विश्वासमा विभिन्न शक्तिका प्रतीक विभिन्न देवदेवीहरूको पूजा गरिन्छ। मुन्धुममा गर्भाधान (कोखपूजा) देखि लिएर मृत्यु संस्कारसम्मका विविध विधि विधानहरू बताइएका छन्। वैरागी काँइलाद्वारा सङ्कलित र अनूदित चःइत मुन्धुम, साम्सोघा मुन्धुम, तङ्सिङ तक्मा मुन्धुम, नाम्सामी–केसामी मुन्धुममा सृष्टिको कथा, प्रेतात्माको आख्यान र अनुष्ठान, झाँक्री प्रथा (फेदाङमा, येवा, येमा)को आख्यान र अभ्यासको विस्तारपूर्वक व्याख्यान पाइन्छ। यसबाहेक उनका लिम्बू जातिमा सिर उठाउने पूजा, कोख पूजा, ईर्ष्या र आँखी डाहीको आख्यान, मोच मार्ने आख्यान र अनुष्ठान आदि गूढ सिद्धान्तका महत् पुस्तकहरू हुन्।

**बोनधर्म –** लगभग पाँचौँ शताब्दीभन्दा अघि पश्चिम तिब्बतको एउटा प्रमुख लोक धर्मको नाम हो बोनधर्म।[१३] यस धर्मका अनुयायीहरूलाई बोन्बो भनिन्छ। नेपाली जातिमा तामाङ गोष्ठीले आफूलाई बोन धर्मका अनुयायी मान्छ। शेरब–मि–बो यस धर्मका संस्थापक र गे–खोद प्रमुख देवता मानिन्छन्। बोन गुरुहरूले तिब्बतमा त्यस समयका प्रसिद्ध बौद्ध धर्मगुरुहरू मिलारेपा र पद्मसम्भवसँग शास्त्रार्थ गरेका थिए भन्ने भनाइ पाइन्छ अथवा बोन धर्मले आफ्नो अस्तित्व रक्षाका निम्ति बौद्ध धर्मसित ठुलो प्रतिस्पर्धा गर्नु परेको थियो। बौद्ध धर्मको विस्तार नै बोन धर्मका पतनको कारण हो भन्ने समाज चिन्तकहरूको भनाइ पाइन्छ।[१४] बोन–काङ्ग्योर र बोन तेङ्ग्योर नामक एक सय साठीवटा बोनधर्म शास्त्रहरू अस्तित्वमा छन् भन्ने विद्वान्हरूको मत पाइन्छ । बोन एउटा प्रकृतिपूजक धर्म हो। झाँक्री यस धर्मका पुजारी र पुरोहित हुन्। वनझाँक्रीको आख्यानसँग बोनझाँक्रीको अवधारणा खाप खाने कुरा देखिन्छ। यसमा लोक वैद्य, लोक उपचारमाथि आस्था छ, पितृपूजा, ग्रह काट्ने, भूत–प्रेत मन्साउने, नाग पूजा गर्ने इत्यादि संस्कार यस धर्ममा पाइन्छ।

भारतमा पराज्ञान सिद्धान्तको अध्ययन गर्दा देशका अनेक जाति समुदायमा भएका लोक संस्कृतिको अध्ययन गर्न आवश्यक हुन्छ। मानवजातिको निरन्तर विकासका इतिहासमा यसका विविध आयाम भेटिन्छन्। समाजशास्त्रीय, मानवशास्त्रीय, ऐतिहासिक विकासको लेखाजोखा नै यस विषयका आधार र उपादान हुन्। नेपाली समाज धर्मपरायण समाज हो। नेपाली समाज विविध जात गोष्ठीका विविध संस्कृतिहरूको सम्मुच्चय हो। यसमा धर्म कुनै ईश्वरीय कट्टरता होइन सांस्कृतिक उदारतामा बाँच्छ। यसमा परलोक प्राप्तिको कामनासाथै सफल सांसारिक जीवन यापनको कामना अधिक हुन्छ। यस कारण

---

१३. रुद्रसिंह तामाङ, वि सं २०६०, **संस्कार र संस्कृति**, काठमाडौँ, आदिवासी जनजाति उत्थान केन्द्र

१४. रुद्रसिंह तामाङ, **संस्कार र संस्कृति**, पूर्ववत्, पृ ७८

नेपाली समाजमा गूढ तत्त्वको अध्ययन भन्दा सांस्कृतिक सौन्दर्यको अध्ययन नै बुझिएको हुन्छ र यस सांस्कृतिक जीवन–शैलीमा धार्मिक आस्थाको प्रणाली भेटिन्छ। नेपाली जीवन शैली पराभौतिक तत्त्वसँग अभिन्न छ। जनकलाल शर्माले उल्लेख गरेका नेपाली जीवनसँग जडित धेरै प्रकारका अभिचार, भूतप्रेत, लोकमान्यता र लोकविश्वासहरूले यस कुरालाई औपचारिक पुष्टि दिन्छ।[१५]

**बौद्धवाद** – प्राचीन बौद्धवाद (स्थवीरवाद/ थेरावाद) ले प्रत्यक्ष ज्ञान र विवेकका परिधिदेखि बाहिरका कुनै कुरालाई मान्यता दिएको पाइँदैन अनि बुद्धले वैदिक परम्परा खास गरी कर्मकाण्डका प्रभुत्वलाई पूर्ण रूपले अस्वीकार गरेका थिए।[१६] प्राचीन बौद्धवाद नैतिक नियममा आधारित धर्म हो जहाँ आत्मा र ईश्वरका सत्तालाई अस्वीकार गरिएको छ तर कालान्तरमा महायान बौद्धवादले मनुष्यका भाग्यको एक मात्र अभियन्ता ईश्वरलाई निश्चित गरेपछि यो धर्म कर्मकाण्डी भक्तिप्रधान, योग र साधनाले प्रतिष्ठित बन्यो भवचक्र[१७], पुनर्जन्म, निर्वाणको चिन्तन, प्रज्ञा पारामिता[१८] र शून्यवाद[१९] आदिको नयाँ व्याख्या र अभ्यासले बौद्ध दर्शन लोकप्रभावकारी अध्यात्मवाद बन्यो। हेलेन व्ल्यावेस्की बौद्धवादमा परातत्त्व दर्शन र अभ्यास भएको कुरालाई मान्यता दिन्छिन्। आठौँ शताब्दीका गुरु पद्मसम्भव जसलाई बज्रगुरु र गुरु रिम्पोछे पनि भनिन्छ जो तिब्बति बौद्ध धर्मका संस्थापक अनि बज्रयान पन्थका आदि पुरुष पनि हुन्। उनले योग र तान्त्रिक बौद्धवादलाई सम्वृद्ध बनाए र पराज्ञान साधनाले सिद्धिलाभ हुने दर्शन लोकलाई दिए। उनले तिब्बतमा बौद्ध मोनास्ट्रीहरू बनाए र टरमा साहित्यको प्रचार गरे। टरमा साहित्यको महत्त्वपूर्ण पुस्तक 'बुक अव द डेथ' (बारदो थुडोल) हो।

'बाइबल'को व्याख्याअनुसार महाशून्यको रहस्यमय आयोजनाले उत्पत्ति सम्पन्न भयो, यस महाशून्यको खोज मानिसले निरन्तर रूपले गरिरहेका छन्। संसारमा मानिसको जीवन पाप कर्मबाट सुरु भएको हुनाले सांसारिक जीवन यापन भनेको पापहरूको निरन्तरको प्रायश्चित हो। कुनै समय परमेश्वरको दूतको आगमन हुनेछ र मानिसले पापबाट मुक्ति पाउने छ यस कारण ईश्वर साधना मुक्तिको एक मात्र मार्ग हो। पश्चिमी देशमा आदि इसाईवाद अघि र इसाईवादको प्राथमिक कालमा पराभौतिक शक्ति र परम्परा भएका अनेक जाति, समुदाय थिए जो त्यस समयका वर्चस्वशील धर्मनीतिको विपरीत आफ्नै जन्मसिद्ध आद्यपरम्पराको साधनामा निरन्तर लागिरहेका अनि आफ्नो आद्य धर्म र संस्कृति संरक्षणका काममा समर्पित थिए। वास्तवमा यी समुदायहरूको लोक सम्पदा नै लोक धर्मका अनुसार थिए।

१५. जनकलाल शर्मा, वि सं २०३९, **हाम्रो समाज र संस्कृति**, काठमाडौँ, साझा प्रकाशन, पृ १०९

१६. घनश्याम नेपाल (अनु), २०१८, **भारतीय दर्शनको रूपरेखा**, मैसुर, भारतीय भाषा संस्थान, पृ १२३

१७. वाचस्पति गैरोला, २००९, **भारतीय दर्शन**, लोकभारती प्रकाशन, पृ १७५

१८. पूर्ववत्, पृ १७६

१९. Christmas Humpreys,1980, **The Buddhist Way of Life**, London, Gearge llen and Unwin

**माया सभ्यता –** अमेरिकाको आदि मानिसहरूको प्रसिद्ध इतिहास हो माया सभ्यता। यो सभ्यता ग्वाटेमाला, म्याक्सिको, होन्डुरस र युकाटन द्वीपमा स्थापित थियो। माया जाति प्रकृतिपूजक थिए र पराभौतिक शक्तिमाथि विश्वास गर्थे अनि बलि चढाउने अभ्यास पनि गर्थे। तिनीहरू गणित विज्ञान, वास्तु विज्ञान, खगोल विज्ञानजस्ता विषयका सिद्ध वैज्ञानिक थिए। तिनीहरूले तयार गरेको अतिजटिल संरचना भएको विशिष्ट नियामक माया क्यालेन्डर जगत प्रसिद्ध पञ्चाङ्ग हो।

**पेगन –** प्राचीन युरोपमा बहुईश्वर र प्रकृतिपूजकमध्ये एउटा समूहको नाम पेगन हो। तिनीहरूको आफ्नै पारम्परिक आस्था र संस्कृति थियो जसलाई पेगन धर्म भनिन्छ। वास्तवमा पेगन आफैमा कुनै संस्थित धर्म नभएर एनिमिस्टहरूको समूह थियो जो पराभौतिक तत्त्व साधना, जादु, बलि र प्रकृतिपूजाजस्ता अभ्यासमा केन्द्रित थियो। मध्ययुगमा पेगन एउटा हेलासूचक पद बुझिन्थ्यो किनभने यसले कुनै पनि संस्थित धर्म (इसाई, जिउज, इस्लाम)–देखि बाहिर आफ्नै पारम्परिक संस्कारमा आस्था राख्थ्यो। यस कारण पेगन सम्बोधनद्वारा विशेष व्यक्ति र आस्थालाई विधर्मी, असभ्य, जङ्गली, विरोधी आदि बुझाउने र हियाउने प्रथा युरोपमा विकास भएको थियो। माइकल योर्कद्वारा लिखित **Pagan Theology** र ज्वेस हाइजिनवोथन लिखित **Paganism an introduction to earthcentred Religios** पुस्तकमा पेगनिज्मको महत्त्वपूर्ण व्याख्या पाइन्छ।

**एसेन्स –** एसेन्सहरू दोस्रो शताब्दी इस्वीपूर्वदेखि दोस्रो शताब्दी इस्वीसम्म प्यालेस्टाइनका वासिन्दा थिए। एसेन्सहरू जिउजवादका तेस्रो रहस्यवादी दर्शनका समर्थक थिए र आफूलाई प्राकृतिक शक्तिहरूको नजिक राख्ने प्रयास गर्थे। एसेन्सहरू प्रसिद्ध 'डेड सी स्क्रोल'का लेखकहरू थिए। 'डेड सी स्क्रोल' प्रायः सबै पुराना नियम (Old Testament ) हरूको सङ्ग्रह हो।

**कबाला –** कबाला जुडाइज्मको पारम्परिक र पराभौतिक चिन्तनको एउटा पन्थ विशेष हो। कबलाह ब्रह्माण्डको अनन्त, स्थिर र रहस्यात्मक अस्तित्व अनि संसारको अनित्य र अनिश्चित व्यवस्थाबिचका सम्बन्धलाई बुझ्ने पराभौतिक विधि हो। कलिन विलसनको भनाइअनुसार कबालाह संसारमा रहस्यात्मक तत्त्वहरूको सबैभन्दा पुरानो व्यवस्था हो अनि यो ब्रह्माण्डका सबै प्रकारका रहस्यहरूको चाबी हो।[२०] यसका व्यवस्थाले प्राचीनकालदेखि आधुनिककालसम्मको पराभौतिक चिन्तन र चिन्तकलाई प्रभावित बनाएको छ। कबालाहसम्बन्धी दुईवटा महत्त्वपूर्ण आदिग्रन्थहरू प्राप्त छन्– The Sepher Yetzirah (Book of Formation) र नेहरी (Book of Splendeur)।

**हर्मिटिसिज्म –** हर्मिटिक लेखनमा आधारित विचारधारा नै हर्मिटिसिज्म हो। यो प्राचीन इजिप्ट र ग्रिकमा स्थापित दर्शन हो। हरमस त्रिसेगिस्टस (Thrice Great) द्वारा विवेचित सिद्धान्तले प्रेरित पराभौतिक

२०. कलिन विल्सन, **द अकल्ट अ हिस्ट्री**, पृ १२०

दर्शन नै हर्मिटिसिज्म हो भन्ने बुझिन्छ। उनको यस शास्त्रलाई हर्मिटिका भनिएको छ जसमा ईश्वर, ब्रह्माण्ड, आत्मा र प्रकृतिबारे चर्चा गरिएको छ। हर्मिटिसिज्मले मुख्य रूपमा ज्ञानका तीनवटा क्षेत्र बताएको छ–किमियागिरी (सूर्यको कार्य), ज्योतिषविद्या (ग्रहहरूको कार्य), जादुविद्या (देवकार्य)। यो ज्ञानवादी दर्शन हो, यसले ज्ञानका यी तीनवटा शाखाका माध्यमबाट ईश्वर प्राप्त गर्न सकिन्छ भन्ने विचारधारा राखेको छ। मध्ययुगमा किमियागिरी ज्ञान निम्ति नै हर्मिटिसिज्म प्रसिद्ध बन्यो र केही भौतिक विज्ञानीहरू पनि यससँग युक्त भए। कालान्तरमा मिसिलिनो फिसिनोले इसाई हर्मिटिसिज्मलाई विकसित गरे।

**सामानिज्म** (Shamanism) – सामानिज्म लोकपुरोहितहरूद्वारा सम्पन्न गरिने यस्तो अभ्यासको अध्ययन हो जसमा पराभौतिक शक्ति (आत्मा, देव, ईश्वर, भूत आदि) सँग सोझो सम्पर्क र अन्तर्क्रिया गरिन्छ। समन यस्ता पराभौतिक दीक्षाले सम्पन्न व्यक्ति हो जसले लोक र परलोकलाई जोड्ने माध्यमको काम गर्छ। मिर्चा इलियादेको भनाइअनुसार सामानिज्म आध्यात्मिक चरमोत्कर्ष प्राप्त गर्ने प्रविधि हो अनि समन लोक र परलोकमाझको दूत हो।[२१] नेपाली समाजमा सामान्यतः झाँक्री शब्द प्रचलित छ। झाँक्रीलाई प्रोफेट, माध्यम र लोक डाक्टर पनि भनिएका छन्। समनलाई विभिन्न देश र समुदायमा विभिन्न नाम दिइएका छन् जस्तै इन्डोनेसियामा कुकुन, कोरियामा वाक्सू मडङ्ग्स, उत्तर अमेरिकामा कन्जोर आदि। केही मानवशास्त्रीहरूको भनाइअनुसार सामानिज्मको अभ्युदय मानव सभ्यताको पुरापाषण युग (२ मिलियन इस्वीपूर्व–१०००० इस्वी) र नवपाषण युग (९००० इस्वीपूर्व–३५०० इस्वी) कालमा भएको थियो। यस युगमा सिकार र खाद्य सङ्ग्रह गर्ने काम सफलतापूर्वक सम्पन्न होस् भन्ने कामना राखेर गरिने जादु–टुनाको अभ्यास आदिबाट नै यो परम्परा सुरु भएको हो भन्ने भनाइ पाइन्छ।[२२] चीनको नोहङ समुदाय, जापानको सिन्तो धर्म, उत्तर अमेरिकाको मास्ता, मेसोअमेरिकाको माया पुरोहितवाद, युरोपका पेगन, कबाला अनि किरात युमा धर्म र बोन्बो धर्ममा सामानिज्मको विरल संस्कृति पाइन्छ। माइकल हरनरलिखित 'दि वे अव् सामान्स' (१९८०) अनि मिर्चा इलियादेको 'सामानिज्म : अर्काइक टेक्निक अव् एक्सटेसी' (१९५१) सामानिज्मका महत्त्वपूर्ण पुस्तकहरू हुन्।

**आत्मावाद** (Spiritism) – आत्मावाद १९औं शताब्दीमा फ्रेन्च विद्वान् हिपोलिट लिओन डेनिजाट (अलेन कारडी)द्वारा प्रस्तावित आध्यात्मिक विचारधारा हो। उनको प्रस्तावअनुसार यो प्रकृति, उत्पत्ति र आत्माहरूको नियति अनि आत्माहरूको यथार्थ जगत्सँगको अध्ययन हो। उनले आत्मावादबारे महत्त्वपूर्ण पुस्तकहरू लेखेका छन्– 'दि स्पिरिट्स बुक' (१८५७), 'दि गस्पेल एकर्डिङ टु स्पिरिटिज्म'

२१. Shamanism/Wikipedia ३.३.२०१८

२२. Shamanism/Wikipedia ३.३.२०१८

(१८६४), 'दि बुक अव् मिडियम्ज' (१८६१), 'हेल एन्ड हेवन' (१८६५), 'ह्वाट इज स्पिरिटिज्म' (१८५९)। आत्मावादलाई यस समयका अन्य विद्वान्हरूले विकसित बनाउनमा योगदान दिए, ती विद्वान्हरूमध्ये मुख्य लियोन डेविस, गाब्रियल डेलन, अर्थर कनल डोयल, विलियम क्रुस्क आदि थिए। आत्मावाद विकसित भएर आज इन्टरनेसनल स्पिरिट काउन्सिलमा प्रतिष्ठित भएको छ जहाँ विश्वका पैँतीसवटा देशहरू युक्त छन्। आत्मावाद फक्स सिस्टर्स विधिद्वारा प्रभावित छ अनि जादु, टुना, बोक्सीतन्त्र, सम्मोहनवाद, बोक्सीसाबात, प्लान्चेट आदिका विधि र अभ्याससँग जोडिएको छ।

धार्मिक सन्दर्भमा मान्छेको इतिहास विविध उतारचढाउले भरिएका छन्। कलिन विलसनको भनाइअनुसार पश्चिमी जगत्मा तीनवटा महत्त्वपूर्ण घटनाहरूले मानिसको धार्मिक संस्कृतिलाई ठुलो असर पारेको छ– पहिलो, ४००० इस्वीपूर्वमा सहरहरूको स्थापना हुनु, दोस्रो, सातौं शताब्दीमा धार्मिक आन्दोलन हुनु र जोरास्थ्रुस्ट, बुद्ध, लो से, कन्फुसियस, अरफस, पाइथगोरस आदिको प्रभाव विस्तार हुनु अनि तेस्रो, लगभग चौथो शताब्दीमा सम्पूर्ण मेडिटेरियन क्षेत्रबाट उल्लिखित आद्यधर्मावलम्बी मानिसहरू त्यस अनन्त, असीम र अगोचर शक्तिका खोजीमा सहरदेखि पुनः एकान्तवासतिर पलायित हुनु। पलायनको यो इतिहास ती आद्यधर्मावलम्बी मानिसहरूको अस्तित्व सङ्कटको इतिहास पनि हो। कलिन विलसनले कबालाहहरूको प्रसङ्गमा प्रज्ञानवादी (Gnosticistic) हरूको बहुईश्वरीय आस्था र संस्थित धर्मविपरित अभ्यासले उत्पन्न गरेको विरोधी गतिविधिले तत्कालीन सभ्यतालाई पारेको प्रभाव गम्भीर थियो भन्ने कुरो उल्लेख गरेका छन्।[२३] यो भनाइ त्यस समयका सबै प्रकृतिपूजक, पराभौतिक ज्ञानसाधक सम्प्रदायहरूलाई लागेको आरोप हो। इसाईवाद आफ्नो ईश्वरवादी प्रचार गर्नमा अतिउद्योगी थियो। इसाईवादसँग सृष्टि र प्रलयको दैवी आख्यान भएकाले मानिसलाई स्वर्गको लोभ र नर्कको डर देखाउने बलियो आधार प्राप्त थियो र इसाईवादको विस्तार युद्धस्तरमा फैलिएको थियो।[२४] यस्ता वर्चस्ववादी र प्रचारवादी धर्मनीतिले संसारका आद्यस्वरूपी विश्वास र एकान्तवासी अभ्यास भएका दर्शनहरूका निम्ति अस्तित्व सङ्कटको स्थिति उत्पन्न भएको थियो जुन मानव विकासवादी इतिहासको महत्त्वपूर्ण आयाम हो। मानव इतिहासमा यसको ऐतिहासिक प्रभावको प्रसङ्ग र एसेन्स अनि अन्य लोक धर्महरूको अस्तित्व विनाश हुनमा संस्थित धर्मका भूमिकालाई इतिहासकारहरूले गम्भीरतापूर्वक अध्ययन गरेका छन्।[२५] संस्थित धर्मका मत तथा अधिकारीहरूले प्रायः नै सम्बन्धित धर्मभित्र पराज्ञान आस्था र अभ्यास भएको कुरालाई अस्वीकार गर्छन् तर सन् १८७५ मा न्युयोर्क लन्डनमा थियोसफिकल सोसाइटीको स्थापना हुनु पराज्ञान चिन्तनका दिशामा एउटा महत्त्वपूर्ण घटना हो। यसले सबैजसो धर्म सम्प्रदायमा

२३. Collin Wilson, 1971, **The Occult A History**, US, Random House, पृ २१६

२४. Collin Wilson, **The Occult a history**, पूर्ववत्

२५. Collin Wilson, **The Occult a history**, पूर्ववत्

रहेको पराज्ञान आस्थालाई अध्ययन गर्छ। हेलेना व्ल्यावेस्की, हेनरी स्टिल अल्कट, विलियम कान जज यस संस्थाका संस्थापकहरू थिए। थियोसफीलाई रहस्यमय परादर्शनहरूको सङ्ग्रह (दैवी ज्ञान) भनिएको छ, यो पश्चिमी पराभौतिक चिन्तनको अंश हो। यसैमा आधारित थियोसफिकल सोसाइटीका तीनवटा मूल उद्देश्य यस प्रकार छन्–

क. कुनै जाति, रङ, वर्ण, धर्म, लिङ्ग आदिको भेदबिना वैश्विक भातृत्व स्थापित गर्नु।

ख. विविध धर्म, दर्शन र विज्ञानहरूको तुलनात्मक अध्ययन गर्नु

ग. आजसम्म नखोजिएका प्रकृति शक्ति र मानवीय अन्तर्शक्तिको अनुसन्धान गर्नु।

थियोसोफिकल सोसाइटीले सत्यभन्दा ठुलो अर्को धर्म छैन भन्ने सिद्धान्त राखेर प्रकृति र मान्छेमा निहित आन्तरिक शक्तिको खोज र विकासमा विशेष आग्रह राख्छ।

### शैक्षिक अनुशासन रूपमा पराज्ञान सिद्धान्त

विश्वका विभिन्न शैक्षिक संस्थानहरूमा पराज्ञान सिद्धान्तको अध्ययन अनुसन्धान भइरहेका छन्। शैक्षिक अनुशासनका रूपमा यस विषयलाई 'थियोलजी' नामकरण गरिएको छ। यो ग्रिक भाषाको थियोलजिया शब्दको अङ्ग्रेजी रूपान्तरण हो। यो 'थियोज' र 'लजिया' दुईवटा शब्दको सन्धि रूप हो। यहाँ 'थियो' शब्दले ईश्वर र 'लजिया' शब्दले ज्ञान, विमर्श, अनुशासन भन्ने बुझाँउछ। यस आधारमा यसको अर्थ ईश्वरीय ज्ञान, ईश्वरीय विमर्श आदि हुन्छ। प्रसिद्ध थियोलजीविद् अगस्टिन हिप्पोले यसलाई दैवी विमर्श भनेका छन्। थियोलजीले भौतिक अस्तित्वमा पनि दैवी उपस्थिति हुन्छ भन्ने अवधारणा राखेको छ। यसको भौतिक युक्ति पाइँदैन तर मानिसको वैयक्तिक तथा आत्मिक अनुभवमा यसलाई अनुभूत गर्न सकिन्छ। यसकारण थियोलजी दैवी प्रकृतिको विशिष्ट अध्ययन हो। यस शब्दको प्रथम प्रयोग चौथो शताब्दी इस्वीपूर्वमा प्लेटोको 'रिपब्लिक' पुस्तकमा भएको थियो। एरिस्टोटलले सैद्धान्तिक दर्शनलाई Mathematike, Physike, Theologike तीनवटा भागमा विभक्त गरेका अनि थियोलजिकलाई पराभौतिक तत्त्वहरूको ज्ञान हो भनेका थिए।[२६] आज संसारका प्राय सबै मानिएका धर्मका सिद्धान्तहरू औपचारिक अध्ययनका विषय बनेका छन्। प्रत्येक धर्मसँग जडित गूढ ज्ञान तत्त्वबारे औपचारिक अनुसन्धान भइरहेका छन्। भारतमा भएका केही थियोलजिकल शैक्षिक संस्थाहरूको विवरण यस्तो छ–

एन्डरसन थियोलजिकल कलेज, नागाल्यान्ड

आन्ध्रा क्रिश्चियन थियोलजिकल कलेज, हैदराबाद

गुरुकुल लेथेरेन थियोलजिकल कलेज, तामिलनाडु

---

२६. *http/ theology.wikipedia,* ३.३.२०१८

महर्षि कलेज अव् सिख स्टडी, पन्जाब
विद्याज्योति कलेज अव् थियोलजी, दिल्ली
नालन्दा युनिवर्सिटी,
साँची युनिवर्सिटी अव् बुद्धिस्ट स्टडी, इत्यादि।

यसरी संसारमा लोकलाई परलोकसँग जोड्ने विविध आस्था र अभ्यासहरू संस्थित बनेका छन् अनि समाजमा यस्ता अभ्यासहरू पारम्परिक र लोकसम्मत् नीति मात्र नभएर् आधिकारिक विषय बनेका छन्।

**पराज्ञान सिद्धान्त र नेपाली साहित्य**

भारतमा पराज्ञान सिद्धान्तको अध्ययन गर्दा देशका अनेक जाति समुदायमा भएका लोक संस्कृतिको अध्ययन  गर्न आवश्यक हुन्छ। मानवजातिको निरन्तर विकासका इतिहासमा यसका विविध आयाम भेटिन्छन्। समाजशास्त्रीय, मानवशास्त्रीय, ऐतिहासिक विकासको लेखाजोखा नै यस विषयका आधार र उपादान हुन्। नेपाली समाज धर्मपरायण समाज हो । तर नेपाली समाजमा धर्म कुनै ईश्वरीय कट्टरता होइन सांस्कृतिक उदारतामा बाँच्छ। यसमा परलोक प्राप्तिको कामनासाथै सफल सांसारिक जीवन यापनको कामना अधिक हुन्छ। यस कारण नेपाली समाजमा परातत्त्वको अध्ययन भन्दा सांस्कृतिक सौन्दर्यको अध्ययन नै बुझिएको हुन्छ र यस सांस्कृतिक जीवन–शैलीमा धार्मिक आस्थाको प्रणाली भेटिन्छ। जनकलाल शर्माले उल्लेख गरेका नेपाली जीवनसँग जडित धेरै प्रकारका अभिचार, भूतप्रेत, लोकमान्यता र लोकविश्वासहरूले यस कुरालाई औपचारिक पुष्टि दिन्छ।[१४] नेपाली समाज परालौकिक अस्तित्वसँग अभिन्न रूपले जोडिएको छ अथवा नेपाली जीवन शैलीमा परातत्त्वहरूको तादात्म्य अटुट छ। नेपाली समाज वैदिक र लौकिक दुवै आस्थालाई समान रूपमा पूजा गर्ने जाति हो। यस जातिमा लोक विश्वास, लोक आस्था र लोकमान्यताको विराट् परम्परा छ अनि प्रकृतिपूजा यसको अनिवार्य संस्कार हो। पञ्चमहाभूत, खोलानाला, जङ्गल, पहाड पर्वत, सिमेभूमे, संसारीमाई, देउराली, नागनगेनी, उँधौली, उँभौली, आठाने, गोठ, कुलपितृ, भूतप्रेत आदि शक्तिहरूप्रति नेपालीहरू समर्पित छन्। फेदाङ्मा, बिजुवा, येवा, येमा, साम्बा, झाँक्री, लामा आदि लोक पुरोहित छन्। नकारात्मक शक्तिका रूपमा छौँडा बोक्सी छन्। लोक उपचार, लोक औषधी प्रणाली छ। जादु–टुना, मोहनीमन्त्र आदि छन्। यसबाहेक पनि नेपाली समाजमा भएका विभिन्न गोष्ठीहरूले मान्ने पूजा आजा र संस्कारहरू विशिष्ट र अद्वितीय छन्। कोखपूजादेखि लिएर मृत्युसम्म गरिने संस्कारहरूले पराभौतिक शक्तिहरूसँगको आदि

१४. जनकलाल शर्मा, वि सं २०३९, **हाम्रो समाज र संस्कृति**, काठमाडौं, साझा प्रकाशन।

तादात्म्य स्पष्ट गर्छ। नेपाली समाजको आदिसत्य अथवा धरातलीय आधार नै परालौकिक तत्त्वहरूसँगको अन्तर्क्रियाबाट निर्माण भएको छ।

पराज्ञान सिद्धान्त आलोकमा नेपाली साहित्यको विवेचना गर्न सकिन्छ। पारसमणि प्रधानद्वारा लिखित 'भूतको कथा र चुँडेल', शिवकुमार राईको 'तिब्बतको हुलाक पथमा', हायमनदास राईको 'मेरी घरकी' र इन्द्र सुन्दासको 'गाडीमान', 'सुखनमका कथाहरू', नरबहादुर दाहालका 'वरपीपल' कथा सङ्ग्रहभित्रका तीनवटा कथाहरू स्मृति, चुनौति र क्रिसमसको रात, एस एन छेत्रीको 'गाडधन', जस योञ्जन प्यासीको 'अन्धविश्वास', उदय थुलुङको 'अक्षरेखा' कथासङ्ग्रहभित्र प्रकाशित अदालत आदि यस्ता पराभौतिक विषय समेटेर लेखिएका कथाहरू हुन्। शिवकुमार राईको 'डाकबङ्गला' उपन्यास, ज्ञानेश्वर गिरीको 'तारा रोएको बेला' उपन्यासलाई पनि यस आधारमा अध्ययन गर्न सकिन्छ। धुस्वाँ सायमीको पहिला नेवारी भाषामा लेखिएको र पछि नेपालीमा अनूदित 'गम्की' उपन्यासमा पराभौतिक तत्त्वको विवेचना गर्न सकिन्छ। कविता क्षेत्रमा 'वैरागी काँइलाका कविताहरूमा पराज्ञान सौन्दर्य' विवेच्य देखिन्छ। मनप्रसाद सुब्बाका 'बुँख्याचाहरूको देशमा' प्रकाशित कविता, उष्मा कविता सङ्ग्रहमा छापिएको अग्निदहन कवितामा अनि 'भूँइफुट्टा शब्दहरू' पुस्तकमा प्रकाशित मेरी किराती आमा, प्रश्नचिह्न ठाडो उभ्याएर र एक धुपौरो रातो अँगार कवितामा पराभौतिक तत्त्वदर्शनलाई अध्ययन गर्न सकिन्छ। भूपेन्द्र सुब्बाको 'बजिया आँखाहरू' र ज्ञानेन्द्र यक्सोका 'दाहिने बाटो' कविता सङ्ग्रहमा भएका केही कविताहरूमा परालौकिक तत्त्वहरूको प्रयोग नयाँ सिप र सौन्दर्यसँग भएको पाइन्छ। नेपाली साहित्यका नामी कवि वैरागी काइँला कवितामा नयाँ वस्तु र शिल्प प्रयोग गर्ने अनि लोकतात्त्विक सौन्दर्यलाई आधुनिक दृष्टिमा खिपेर प्रस्तुत गर्ने कलाकार हुन् यसकारण पराज्ञान सौन्दर्यका आलोकमा उनका दुईवटा कविताहरूको विवेचना यहाँ प्रस्तुत गरिएको छ।

### अस्तित्वको दावीमा सावातको वैला उत्सव

आयामिक कविहरूमध्ये सबैभन्दा प्राञ्जल र पारदर्शी शैली लेख्ने अनि भाषाको सोझो विन्यासक्रम, सहचारक्रम र चित्रात्मक स्वरूप प्रयोग गर्ने आधुनिक प्रयोगवादी कवि भनेर वैरागी काँइला (१९३९) परिचित छन्। उनका कवितामा भएको संवेदनशीलता, विवेकवादिता र व्यङ्ग्यात्मकता नै सहृदयलाई प्रभाव दिने तत्त्व हुन्।[२७] 'वैरागी काँइलाका कविता' (१९७४) पुस्तकमा छापिएका तेइसवटा कविताहरूमा मोटामोटी यस्ता गुण पाइन्छन्। 'अस्तित्वको दावीमा सावातको वैला उत्सव' तीमध्ये एउटा हो।

२७. घनश्याम नेपाल, २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, सिलगढी, एकता बुक हाउस, पृ २०६

आयामिक कविहरूले पश्चिमी इतिहास, दर्शन र पुराकथाहरूबाट विविध प्रतीक, बिम्ब, मिथक र आख्यानहरू ग्रहण गरी कवितामा भरपुर प्रयोग गरे र सम्पूर्ण अभिव्यक्तिको एउटा बाटो यसलाई पनि माने ।[२८] 'सावातको वैला उत्सव' यस किसिमको प्रयोग भएको कविता हो।

सावात 'हिब्रु' शब्द हो र सावात डेको अर्थ पवित्र दिन, ईश्वरको दिन, छुट्टी अथवा विश्रामको दिन हो। प्रत्येक सप्ताहको अन्तिम सात दिन अथवा सेवेन्थ डेबाट नै सावात शब्द बनेको बुझिन्छ। जिउज अनुयायीहरूले शुक्रबार अनि इसाई अनुयायीहरूले आइतबार सावात दिनका रूपमा पालन गर्छन्। सावातको अर्को अर्थ बोक्सीहरूको सम्मेलन हो जसलाई सैतानले सभापतित्व गरेको हुन्छ। वैरागी काँइलाको यस कवितामा बोक्सी सावातको आयोजन गरिएको अनि परातात्त्विक आलोचनाको आलोकमा यो विवेच्य विषय बनेको छ।

बोक्सी सावात परातत्त्वसाधनको एउटा विधा हो। ऐतिहासिक व्याख्याअनुसार युरोपीय समाजमा मध्ययुगदेखि सत्रौँ शताब्दीसम्म बोक्सी सावातको अभ्यास गर्ने प्रचलन थियो। सरकारले यसलाई अवैध घोषित गरेको भए तापनि यस परीक्षणमा धेरै मानिसहरू पक्रा परेका घटनाहरूको उल्लेख पाइन्छ।[२९] प्रसिद्ध चित्रकार फ्रान्सिस गोयाले बनाएका बोक्सी सावातका चित्रहरूले यस आयोजनाको विषय र शैलीको सौन्दर्यलाई व्याख्या गर्छ।[३०] यो एउटा अद्भूत किसिमको पूजा अथवा यज्ञ हो जहाँ बोक्सीहरूले सामूहिक रूपमा आफ्नो इच्छित फलप्राप्तिका निम्ति आफ्नो आराध्यलाई आफूसँग भएको बहुमूल्य 'हवी' अर्पण गर्छन्।

'सावातको वैला उत्सव' कवितामा बोक्सीहरूको जमात छ, सभापति अथवा आराध्यको आसनमा डायनासिएस छ। बोक्सीहरू डायनासिएसको जयगान गाँउछन् अनि आफ्नो सबैभन्दा सुन्दर र अमूल्य रत्न त्यो चोखो र अक्षत कुमारीत्वको भोग चढाँउछन्। तिनीहरू अकाल, शून्य र वैला परिवेशलाई घृणा गर्छन् अनि निरर्थक, निस्सार र अनुर्वर अवस्थाको विरोध गर्छन्। तिनीहरूमा उर्वरताको अथाह तिर्खा छ, बाँझोपनका कुरूपतालाई जितेर सृष्टिको सौन्दर्य उत्सव मनाउन तिनीहरू घोर उत्साही छन् यसकारण एउटा सार्थक गर्भाधानको आकाङ्क्षा राख्छन् –

**ग्रहण गर! ग्रहण गर!**

आलो कौमार्य!
धरती ओछयाएर कोठाभरि भूँइमा..........

२८. पूर्ववत्, पृ २०६

२९. Wicthsabat/Wikipedia. ३.३.२०१८

३०. Wicthsabat/Wikipedia. ३.३.२०१८

चाट्दै बोकाको जिब्रोले
आह! मूल फुटोस्........
कापकापबाट पृथ्वीको पडकदै उम्रिउन--- बाग्मती!
एक चपरी माटोमा अर्पण गर्दछु –
फुट्न लागेका कोपिलाले चेपेर कौमार्य!
हे डायनासिएस!
तर्सिउन् दुश्मनहरू! दुष्ट र क्रुरहरू!
अकाल र वैलाहरू शून्यहरू! शून्यहरू!

बीसौँ शताब्दीको युद्धजन्य परिस्थिति, मानवताको ह्रास, सृष्टि संवेदनाको पतन आदि विचलनले उत्पादन गरेको सौन्दर्य सङ्कट कविताको मूल कथ्य कथिएको छ। असन्तुष्टि, घृणा र विरोध आदिले मानिसको जियालो अस्तित्वको आलोक बाँचिराखेको अभियान छ। बोक्सीहरू आफ्ना सारा ऊर्जा, भावना, आवेग र संवेग समर्पण गर्दै सृष्टि शक्तिको प्राप्तिको चरम चुलीमा पुग्न लागेका छन्। याजकको विह्वलता, उत्तेजना र आत्मनिष्ठा पनि कथ्यमा एकाकार भएको रूप दर्शन छ। यो कविता सैतानी वृत्तिको विरोधमा मानवीय सृष्टिको पक्षमा गरिएको यज्ञ अभिषेक हो।

कविताको दोस्रो पक्ष दोस्रो भावको छ, बोक्सीहरूको सम्मोहनी समर्पण सौन्दर्यको पराकाष्ठामा पुग्दा नपुग्दै स्खलित बनेको र सृष्टि तुहिएको छ। गर्भाधान हुन नसक्नुको विध्वस्त दुर्घटना छ। निराशा, असन्तुष्टि र क्षोभले परिवेशलाई अवसादको रसातलमा खसाइदिएको छ। बोक्सीहरूको प्राणपनको समर्पणले पनि समयको अनुर्वता र बैलापनलाई जित्न असफल बनेको चरम अवसाद र मोहभङ्गको वातावरण छ।

'सावातको वैला उत्सव' कविता असाधरण प्रकारले सुरु भएको छ। झङ झङ झङ ...झङ झङ झङ.... ध्वनिबाट कथन सुरु गरिन्छ जसले कवितालाई विह्वल अमूर्तातिर दोहोऱ्याँउछ। कवितामा प्रयोग भएको यो ध्वनि ब्ल्याक सावात सङ्गीतको एउटा अंश हो।[३१] ब्ल्याक सावात एउटा सुपरिचित ब्रिटिस सङ्गीत ब्यान्ड हो साथै परातत्त्वप्रति समर्पित साधकहरूको जमात हो। तिनीहरूको सङ्गीतमा अद्‌भूत किसिमको पराभौतिक शैली हुन्छ। तिनीहरूको प्रस्तुतिको ढाँचा, शारीरिक भङ्गी आदिमा विशिष्ट किसिमको रहस्यात्मक उत्तेजना पाइन्छ। यसबाहेक ब्ल्याक सावात नाम गरेको सिङ्गो गीत र सिङ्गो फिल्म पनि पाइन्छ। यसरी कलाका विविध क्षेत्रले यस विधालाई अभिव्यक्तिको साध्य र साधन दुवै बनाएको पाइन्छ। यस सङ्गीतलाई अर्को किसिमले पनि व्याख्या दिन सकिन्छ। साम्सोघा मुन्धुम (भूतप्रेत

३१. .....Black sabat/Wikipedia. ४.३.१८

मन्साउने अनुष्ठान) गर्दा येवाहरूले बजाउने ढ्याङ्ग्रो र थालको विशिष्ट सङ्गीत रचना यहाँ गरिएको छ।[३२] येवाहरूको प्रस्तुतिमा पनि असाधरण किसिमको विह्वलता र उत्तेजना पाइन्छ। विवेचित कविताभरि यो सङ्गीत घरिघरि दोहोरिएको छ र यसको शब्द सजावटको शैली पनि विभिन्न छ। कम्तिमा तीनरातसम्म गरिने मुन्धुम अनुष्ठानमा मुन्धुमको भावअनुसारको सङ्गीत प्रस्तुत गरिन्छ। कुन समयमा कस्तो ध्वनि बजाउनुपर्छ, यसको गति, आरोह अवरोह, उतार चढाउ आदिका नियम मुन्धुममा व्याख्या गरिएको छ। ध्वनिको यस्तो विविधताले कवितामा आयोजित परासौन्दर्यलाई अझ प्रगाढ बनाएको छ। सङ्गीतको यस आदिम ध्वनिले सृष्टिको चरम संवेदनालाई स्पन्दित गर्ने सौन्दर्य रचना कवितामा गरिएको छ –

पोथ्राहरूमा सङ्गीत दौडिदै उम्रिउन् दौडिदै उम्रिउन् उम्रिउन्
पातहरू बर्सून् आर्केष्ट्राका टुक्राहरू आर्केस्ट्राका टुक्राहरू टुक्राहरू
पेपिरसका पातहरूमा पातहरूमा.........हरूमा

कवितामा पराभौतिक परिवेशको चित्र कोरिएको छ। जन्तरहरूले रातलाई बाँधेर वीजाक्षारहरूको रेखी हालेर थान थपना सजाएर, काठ बाँसको लिङ्गो वरिपरि बोक्सीहरू नाँचिरहेका छन्। कवितामा प्रशस्त मात्रामा पराशब्दहरू प्रयोग भएका छन् जस्तै, क्षयग्रस्त हस्तिहाडको खण्डहर, मासु, सिन्दुर, तितेपाती, वैतरणी, भ्यागुता, गङ्गटा, भाँच्चिएको चौकुने माटाको खपटा आदि। मासु, सिन्दुर, तितेपाती आदि सबै भोग लगाउने सामग्रीहरू हुन्। तङसिङ तक्मा मुन्धुम गर्दा सुङ्गुरको टाउकोको भोग लगाइन्छ र तितेपातीको धुप चढाइन्छ।[३३] गङ्गटालाई किराती लिम्बू येवाहरूले इष्टदेव मान्छन् र मुन्धुम अनुष्ठान गर्दा सुरुमा नै यसको स्तुति गरिन्छ।[३४] भाँच्चिएको चौकुने माटाको खपटा साम्सोघा मुन्धुम अथवा प्रेतात्माको आख्यान र अनुष्ठान गर्दा प्रयोग गरिने सामग्री हो जसले पहाड पर्वत भएर भूतप्रेतलाई मनुष्यको समाजमा प्रवेश गर्नबाट रोक्छ भन्ने आख्यान पाइन्छ। बोक्सीहरू शत्रुनाश अथवा सबैप्रकारका नकारात्मक तत्त्वहरूबाट सृष्टि संवेदनालाई बचाउने अभियान गरिरहेका छन्। भ्यागुताको प्रसङ्ग ऋग्वेदको यज्ञ विधानसँग मिलेको देखिन्छ।[३५] बोक्सीहरू धरतीको हरियो उर्वरताको प्रबल इच्छा राख्छन्। ऋग्वेदमा भ्यागुतालाई ऋतुहरूको नियमलाई उल्लङ्घन नगर्ने, प्राकृतिक अनुशासन पालन गर्ने, उर्वरता, औषधि र धनधान्य प्रदान गर्ने शक्ति भनिएको छ। ..लेउ चटाएर हरियो भ्यागुतामा भोग दिन्छु... यहाँ

३२. वैरागी काइँला (सम्पा), वि सं २०५०, **साम्सोघा मुन्धुम**, नेपाल, लिम्बू साहित्य र संस्कृति उत्थान समाज
३३. वैरागी काइँला (सम्पा), वि सं २०५२, **तङसिङ तकमा मुन्धुम**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ ३७
३४. वैरागी काइँला, पूर्ववत्, पृ ३७
३५. तिलकप्रसाद लुइँटेल, वि सं २०६०, **ऋग्वेद** (अनु), काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार, पृ ६१२

बोक्सीहरूले आफ्ना आराध्यलाई धरतीको शस्यसामला भोग लगाएका छन्। कवितामा धेरै मात्रामा पूर्वीय र पाश्चात्य गूढ मिथकहरूको प्रयोग भएका छन्, जस्तै, उन्मत्त भैरव – काठमाडौंमा भएको उन्मत्त भैरवको मूर्ति स्पर्श गर्दा नारीहरूले मातृत्व प्राप्त गर्छन् भन्ने लोक विश्वास छ। कवितामा याजकहरू सार्थक गर्भाधानको लालसाले उत्साहित छन् र भैरव भोगमा समर्पित बन्छन्। तिगेनजोङ्ना लिम्बू मुन्धुममा भएकी दिव्यगुण सम्पन्न आदिनारी हुन् जसले आफ्नै कोखबाट जन्म दिएका छोराहरू नाम्सामी (मान्छे) र केसामी (बाघ )को अन्तिम निर्णायक द्वन्द्वको परिणाम के होला भनि कलसमा भरेको सेक्मुरी (सिल्लरी) फुल र ओङदन (बाबरी) फुलमा जोखाना हेरिबसेकी छ।[३६] यस बेला एउटी आमाले कुन छोराको जय र जीवनको कामना राखेकी थिइन् भन्ने प्रश्न कतिसम्म युक्तिसङ्गत होला तर कुन छोराको जय र जीवनमा सृष्टिको संरक्षण बुझेकी थिइन् सो महत्त्वको कुरा छ। बीसौँ शताब्दीका आमाहरू यस्तै विडम्बनालाई बाँच्दै गरेका प्राणीहरू हुन् तापनि कवितामा बोक्सीहरू तिगेनजोङना जतिकै सृष्टि संवेदनाको संरक्षणमा प्राणपनले समर्पित छन्। नाम्सामी र केसामीको युद्ध भएदेखि नै संसारमा ईर्ष्या, आँखी डाही, अभिमान, अहङ्कार, पाशविक वृत्ति आदिको जन्म भएको हो भन्ने मुन्धुमी व्याख्या पाइन्छ। महाभारतमा अश्वत्थामा जसले ब्रह्मास्त्रद्वारा भ्रूणहत्या गर्ने अपराध गरेको थियो भने बोक्सीहरू यस्ता हत्या र अपराधलाई अमान्य गर्छन् अनि गेस्टापो र ग्यासच्याम्बरहरूको विनाश मानवताको पहिलो सर्त हो भन्ने मान्छन्। गेस्टापो अथवा हिटलरको गुप्त सेना अनि ग्यासच्याम्बर उनको कन्सन्ट्रेसन क्याम्प जहाँ असङ्ख्य निर्दोष मानिसहरूको हत्या गरिएको थियो र बीसौँ शताब्दीको मानव सभ्यतालाई भयानक कलङ्क पोतिदिएको थियो ती सबैको विरोध बोक्सीहरू गरिरहेका छन्। इडेनको बघैँचा प्याराडाइज लस्टमा मिल्टनद्वारा परिकल्पित त्यो ईश्वरीय फुलबारी जहाँ परमपिताले आदि नर–नारी आडम र इभलाई सृष्टि गरेर राखेका थिए। लुसिफर विद्रोही (विरोधी?) छ र ईश्वरसँग प्रतिशोध लिने योजना राखेर नरकवासीहरूलाई उक्साइरहन्छ[३७] फलतः उसले आडम र इभलाई वर्जित फल खान प्रेरित गऱ्यो अनि ईश्वरीय आयोजनामा बाधा पुऱ्यायो –

> Of man's first disobedience, and the fruit
> Of that forbidden tree, Whose mortal taste....

धेरै विद्वान्हरूअनुसार लुसिफरलाई स्वर्गच्युत् गरिनु एउटा शुभपतन (Fortunate fall) थियो, प्रसिद्ध लेखक ओ लवज्वाय यसलाई Paradox of the fortunate Fall मान्छन् किनभने सृष्टि सञ्चालनका निम्ति यो हुन

३६. वैरागी काँइला (सम्पा), वि सं २०७०, **नाम्सामी–केसामी मुन्धुम**, नेपाल विश्वासदीप तिगेला, पृ ७०

३७. John Milton, 1993, **Paradise Lost,** New York, Amazon Classics, पृ १९

आवश्यक थियो।[३८] 'सावातको वैला उत्सव' कवितामा लुसिफरलाई दोषी मानिएको छ, एउटा अनन्यतम सैतानी प्रतीकका रूपमा किनभने –

...सम्भावनाको टुप्पा बारेको छ जिन्दगीको, हिजो
बाँधा फल खुवाएर त्यस पापी साँपले..

बीसौं शताब्दीको लुसिफरले धरतीलाई वैला फल मात्र खुवाउन सकेको छ यस कारण कवितामा गर्भ तिरोहणलाई उसको सैतानी कर्तुत र स्वर्गच्युतको क्षोभसँग तुलनीय बताइएको छ। यस गर्भतिरोहणलाई गिलगमेसको अतिमानवीय सामर्थ्यले उरुकवासीलाई बचाउन नसकेको व्यर्थताको ग्लानी र पछितो बोध गरिएको छ।[३९] बोकाको जिब्रो – बोकालाई सैतानको प्रतीक मानिन्छ। बोक्सी सावातको चित्रमा पनि सैतानले बोकाको टाउको ओडेको देखाइन्छ। हातमा सैतानी चिह्न देखाँउदा पनि बोकाको सिङ बनाइन्छ। बोकाको अनुहारले लुसिफरलाई पनि सङ्केत गर्छ। राईहरू बाख्रालाई सैतान मान्छन् र बाख्रादेखि टाढा बस्छन् किनभने आदिकालमा बाख्राले राईहरूका चेलीको रगत चाटेर भोग खाएको थियो भन्ने राई लोक आख्यान पाइन्छ।[४०] यद्यपि कवितामा यस बोकाको जिब्राले चाटिएर धरतीमा उर्वरताको मूल फुटोस् भन्ने कामना बोक्सीहरू राख्छन्। कवितामा कुरालाई भन्ने पराबिम्बहरूको आयोजना विरल किसिमको छ। बोक्सीहरू फुट्न लागेको कोपिलाले चेपेर कौमार्यको भोग चढाउँछन्। तिनीहरू संसारलाई वैलाहरूको क्षयग्रस्त हस्तिहाड भएको देख्छन् र समर्पणको अद्भूत आह्लादमय मादक तीव्रतालाई यसरी नक्सामा कोरिदिन्छन् –

मासु मासु मासुले डुबाऊ, अङ्कमालले चुर्लुम्म बलियो डुबाऊ
म उनीदिन्छु आफू र चोख्खो बैंस तिम्रो पुरुषमा!
सिन्दुर चाटेर निधार र जिब्रोतिर
म मासु मासु भिजिदिन्छु खेतभरि......

कवितामा बोक्सी सावातको एउटा आलो आवेग यसरी नौलो चित्र भएर थपक्क बसेको छ – काखमा टेबलमाथि मृगासन लिपेर पस्किन्छ स्वास्नीमान्छे। अनि असफलताको अवसादलाई लेख्दा शब्दहरूको आफ्नै विरक्त लाचारी छ–

चुहिए बीउहरू!

---

३८ पूर्ववत्, पृ २०

३९. Gilgamesh/Wikipedia, ३.४.१८

४०. प्रवीण पुमा, वि सं २०१०, **हेन्खामा–निनाम्मा** (किरात मुन्दुमी मिथक), काठमाडौँ, सुम्निमा थिएटर, पृ ७७

चिथरेर पेटभरि खडेरीले
बारीलाई पिट्छन् लाछिन्दै खसेका असङ्ख्य हातहरू!
तुहिए वृष्टिहरू! तुहिए सृष्टिहरू!

'अस्तित्वको दावीमा सावातको वैला उत्सव' कविता कथ्य र कथन दुवैमा नौलो आश्चर्य हो। दोहोरो विश्वयुद्ध झेलिसकेको विश्वसँग आस्थाका आधारहरू कमजोर भइरहेको बेला मान्छेले कसको अभिषेक गर्ने हो?, मान्छेको आराध्य को हो? मान्छे आफ्नै लौकिक बन्धनले सीमित छ र परलोकसँग पनि लोककै अपेक्षा गर्छ र आफ्नै आंकाक्षाहरूको बन्धनमा छटपटाइरहन्छ। को हुनसक्छ परम शक्तिशाली र परम वीर्यशाली जसले सृष्टि संवेदनालाई निरन्तर बचाइरहने चुनौति लिनसक्छ? मान्छेको अस्मिता बचाउन पराभूत पनि असमर्थ छ भन्ने गम्भीरताले मान्छेको समष्टिलाई गाढा अवसादी इतिहासको आलोचना गर्ने अवसर प्रशस्त गर्छ। कवितामा बोक्सी सावातको एकोहोरो मादकतालाई प्रगाढ बनाइराख्ने गहिरो राग पराभौतिक अनुभूतिको चरम छ।

**प्लान्चेटको टेबल**

फ्रेन्च भाषाको 'लिटल प्ल्याङ्क' शब्दको ध्वनि रूपान्तरित हुँदै 'प्लान्सेट' अथवा 'प्लान्चेट' भएको हो भन्ने बुझिन्छ। यो हृदयाकार चिल्लो काठको तख्तामा मुनिबाट दुईवटा चक्का जोडिएको र माथिल्लो सतहमा पेन्सिल ठड्याउने टोक्रे पनि बनाइएको सुन्दर र आधुनिक शैलीको टेबल हो। यो सामान्य प्रयोगको टेबल नभएर असामान्य अथवा पराज्ञान अभ्यासमा प्रयोग गरिने वस्तु विशेष हुनु यसको अनौठो र आकर्षक विशेषता हो। पराज्ञानीहरू प्लान्चेटलाई अटोम्याटिक राइटिङ डिभाइसका रूपमा प्रयोग गर्छन्। आत्मावादका संस्थापक हिपोलिट लियोन डेनिजाट (अलेन कारडी) ले १० जून १९५३ मा प्लान्चेटको आविष्कार भएको तथ्य रेकर्ड गरेका थिए भनिन्छ।[४१] युरोप र अमेरिकाका तत्कालीन व्यवसायी कम्पनीहरूले प्लान्चेटको टेबल निर्माणबाट प्रचुर धन कमाएका थिए भन्ने आकलन पनि पाइन्छ।[४२] १८६७ मा कारबी एन्ड कम्पनीले पहिलो सिजनमा मात्रै लगभग दुई लाख प्लान्चेट टेबल निर्माण गरेका थिए भन्ने कुराले यसको लोकप्रियतालाई दर्शाउँछ।

अठाहौँ शताब्दीको उत्तरार्द्धमा युरोप र अमेरिकामा आत्मावादी आस्था र अभ्यासको प्रभाव व्यापक रूपमा फैलिएको थियो। त्यस समय फक्स सिस्टर्स गतिविधि, पार्लर गेम, सिन्सेस, मिडियमसिप, सम्मोहन विधि, सावात, ओजा वोर्ड र प्लान्चेट आदिको अभ्यासको गतिविधि जनगणमा अधिकतर

४१. Planchette/Wikipedia. ४.३.१८
४२. Planchette/Wikipedia. ४.३.१८

भएको आकलन पाइन्छ। प्लान्चेट एउटा आत्मावादी अभ्यास हो, यसले प्लान्चेटको टेबललाई आत्मासँग सोझो सम्पर्क गर्न सकिने माध्यमका रूपमा ग्रहण गर्छ। प्लान्चेटमा पराज्ञानीहरूको समूह विशेष मुद्रामा बस्छन् र आत्मालाई आह्वान गर्ने, सम्मोहित गर्ने अनि आत्माबाट इच्छित परिणाम प्राप्त गर्ने प्रक्रिया सम्पन्न गरिन्छ। नेपाली भाषामा यस किसिमका केही कविता लेखिएका छन्। वैरागी काइँलाको कविता प्लान्चेटको टेबललाई यहाँ आत्मावादी पराज्ञान सिद्धान्तका आधारमा विवेचना गर्न सकिन्छ। यस कवितामा बीसौँ शताब्दीको मानव सभ्यताको अवस्था बयान छ । दुईवटा महासमरहरूको आतङ्कले थाकेको मान्छेको विश्वास र भरोसाले विश्रामको अपेक्षा राखेको छ –

आह! थाकेको छु!
हत्केलाभरिको रेखामा
खडा गरी धेरैवटा युद्ध विराम रेखाहरू
अब, किनभने युद्धहरू पनि बिसाउने मन गर्छन्, मसित
म केहीबेर आराम गर्दछु!

कवितामा युद्ध, मृत्यु, आतङ्क, भय, पलायन, पराजय आदिले उत्पन्न विसङ्गति र विडम्बना छ। आत्मपीडाले पीडित मान्छे आत्मकेन्द्रित छ। आत्मसम्मोहनको साँधुरोमा केन्द्रित र क्लोथोफोवियाले ग्रस्त मान्छे मानसिक विकारले निस्सासिएको छ। जिग्गुरत र कोनार्कको दैवी मिथले मानिसलाई शक्ति दिन सक्दैन। ओड्दोङ फुल (जीवन फुल), वीर मसान र जङ्गली शक्तिहरूले चारतिरबाट घेरेको मानचित्र पनि सुरक्षित छैन। माउन्ट ओलम्पसमा ग्रिक देवताहरूको नयाँ र पुरानो पुस्तामाझ भएको दश वर्षे लामो शृङ्खला युद्धको भुताहा प्रभावले मानिस विचलित छ। जुलियस सिजरको चुनौतिपूर्ण हुँकारले मानिसको मनोविज्ञान विशृङ्खलित छ– म आएँ ! मैले देखेँ ! मैले जितेँ! सभ्यताको पराकाष्ठा छ, प्रलयको घोषणा पनि भइसकेको छ अनि मान्छेहरू आतङ्कको यस जङ्गलमा असहाय भौँतारिएका छन्–

आह ! कता भाग्नुलाई तयार हामीहरू
यस भूमिबाट –
जहाँ जिन्दगी कुर्कुच्चासम्म उमारेका छौँ !
हामी कायर र निर्धाहरू !

यस चरम विसङ्गति र अनास्थाको बेला मानवताको विश्वासलाई जीवित राख्ने आधार के छ? भन्ने प्रश्नको उत्तर खोज्दै जिउसुद्दू, लेप्मुहाङ र मनुको प्लान्चेट सभा बसेको छ। जिउसुद्दू अर्थात् जिउसुद्र सुमेरियन सभ्यताका महान राजा र सुमेरियन महाप्रलयका महानायक थिए जसले महाप्रलयको बेला

मानव सृष्टिको रक्षा गरेका थिए भन्ने आख्यान पाइन्छ।[४३] लेप्मुहाङ लिम्बु किरात मुन्धुमअनुसार किरात वंशका जेठा पूर्खा थिए उनको सम्बन्ध पनि किरात मुन्धुमको सृष्टि वर्णनसँग छ।[४४] मनु हिन्दु पौराणिक कथामा भएको चरित्र हो जो विष्णु भगवानको दसौँ अवतार अथवा मत्स्यावतारसँग सम्बन्धित छ। भगवान विष्णुको यस अवतारमा मनु महाप्रलय र सृष्टिको सूत्रधार बनेका थिए। कवितामा यी तीन महापुरुषहरूको प्लान्चेट बैठकमा टाइरासिएसको आत्मालाई आह्वान गरिएको छ–

जागो ! जागो !
विगत मसानघाटबाट ढुङ्गा पल्टाँउदै युगको – मनु
मद्दत गर्नु आत्मनिर्णय गर्न पनि असमर्थलाई!
हामीलाई!
विचरा हामीलाई!
हामी विचरालाई!

टाइरासियस महान ग्रिक दु:खान्तकार सोफोक्लिसले रचेका प्रसिद्ध नाटक 'किङ इडिपस'[४५]–मा भएको महत्त्वपूर्ण चरित्र हो। टाइरासियसलाई नाटकमा ठुला विद्वान्,ज्योतिषविद् र भविष्यवक्ताको रूपमा चित्रण गरिएको छ। किङ इडिपस नाटकमा इडिपसको राज्य थिब्समा आएको महामारी, अकाल तथा प्राकृतिक सङ्कटको कारण पत्तो लगाउन टाइरासियसलाई जोखाना हेर्न लगाइएको छ। उसले खुट्याएको जोखानाअनुसार किङ इडिपसले आफ्नै बाबु मारेको र आमालाई बिहे गरेको सत्य खोलिन्छ अथवा दु:खान्तको पराकाष्ठा घटित हुन्छ। आमा जोकास्टाले आत्महत्या गर्छिन् र इडिपसले आफ्ना दुवै आँखा फोरेर अन्धा बन्छन्। कवितामा यिनै ज्योतिषी र भविष्यवक्ता टाइरासियसलाई प्लान्चेटको टेबलमा बसेका पराविद्हरू जिउसुद्दू, लेप्मुहाङ र मनु प्रश्न गर्छन्– यतिबिघ्न आतङ्क, अवसाद, मोहभङ्ग र वितृष्णा किन छ? सभ्यताको पराजय किन छ? मान्छेले भोगिरहेको यो ज्वलनशील पीडाको अन्त कहाँ छ? टुँडीखेल, कोतपर्व, कन्सन्ट्रेसन क्याम्प र महायुद्धहरूबाट आउने लासहरूको गन्ध कहिले समाप्त हुन्छ? सहिद, हारेको मानवता, गुमेको स्वतन्त्रता आदिबारे सोधखोज कसरी हुन्छ? कवितामा प्लान्चेटको टेबलमा टाइरासियसको आत्मा आएको आभास बुझिन्छ–

अहो ! पेन्सिल चलमलाइरहेछ !
टाइरासियसको चोर औँली : यो पेन्सिल!
सिलिङमिलिङ अँध्यारो झुत्तिन्छ पर्दामा.....

४३. Ziusudra/ Ziusuddu/Wikipedia.५.४.२०१८

४४. इमानसिङ चेम्जोङ, वि सं २०१५, **किरात मुन्धुम,** युके, यलम्बर फाउन्डेसन र तुम्याहाङ पब्लिकेसन, पृ २४३।

४५. E. P. Watling (Trans), 1947, **King Oedipus**, **Sophocles**, London, Penguin Books, पृ ३७

हाम्रो बाजे!

बूढो टाइरासियस!

यति धेरै प्रश्नहरूको उत्तरमा  टाइरासियसले प्लान्चेटको टेबलमा विश्व सभ्यतालाई छोडेको सन्देश यस्तो छ –

मेरो सङ्घर्ष अनवरत सङ्घर्ष
दुइटा बिटा अँध्यारोको विरूद्ध त हो
अँध्यारोलाई एकेक हातले थिची दुईतिर
मुन्टोबाट आफू खन्याई झ्यालबाट, हेर –
जिन्दगीले जुनेलीमा पग्लिएर पँधेरोमा पर्खिरहेछ!
आफूबाट पोख्खिनु पर्दछ – बाहिर
स्वतन्त्रता – कर्कौलाको पातमाथि थाप्दछ!

प्लान्चेटको टेबल बीसौँ शताब्दीमा मान्छेले भोगेको दु:खान्त हो। सत्य सामान्य दृष्टि र बुद्धिदेखि पर छ। सत्यलाई देख्न सामान्य दृष्टि र सत्यलाई बुझ्न सामान्य बुद्धि पर्याप्त छैन। टाइरासियस अन्धा छ तर ऊ अन्तर्दृष्टि शक्तिले सम्पन्न छ र भूत भविष्य र वर्तमानको यथार्थलाई देख्न र बुझ्न सक्छ। उसले इडिपसलाई झैँ कुनै अपराधीको अपराधलाई औँल्याएर सोझो सम्बोधन गर्न सक्छ, यसकारण प्लान्चेटको टेबलमा भएको पेन्सिललाई टाइरासियसको चोरऔँली भनिएको छ तर सामान्य मान्छे भने निरुपाय र विकल्पहीन छ। लोक सीमित छ यसकारण उसलाई परलोकको सन्धान आवश्यक पर्छ। संसारमा सुरक्षा र स्वतन्त्रताका महाआख्यानहरू ध्वंश भइरहेको समयमा मान्छेले जीवनको आधार र औचित्य कहाँ खोज्ने हो? मानव सभ्यताको वर्तमान आचार संहिता के छ र मानिसको भविष्यको नीति के हो?  संसारमा मानवीय विसङ्गति, विडम्बना र विशृङ्खलताको विचलनले गम्भीर बनेका कवि मानिसको बौद्धिक र भावनात्मक  सीमिततामाथि आक्रमण गर्छन् –

म, अर्को युद्ध प्रारम्भ गर्दछु अब –
भावनामा बुद्धिमा / अनि समयमा, बस, समयमा, बुद्धिमा आक्रमण गर्दछु...